# कृषि औद्योगिक क्षेत्र (सुपर-जोन) विकास कार्यक्रम संचालन कार्यविधि

## -२०७३

नेपाल सरकार

कृषि विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

## कृषि औद्योगिक क्षेत्र(सुपर-जोन) विकास कार्यक्रम संचालन कार्यविधि -२०७३

### खण्ड १. पृष्ठभूमि

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका ४ वटा सम्भागहरुमध्ये चौथो सम्भागको रुपमा रहेको कृषि औद्योगिक क्षेत्र(सुपर-जोन) विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा परियोजनाको दस्तावेजमा उल्लेख भएको व्यवस्था बमोजिम नेपाल सरकारले यसकृषि औद्योगिक क्षेत्र (सुपर-जोन) विकास कार्यक्रम संचालन कार्यविधि -२०६३ कार्यविधि तयार गरी लागू गरेको छ ।

### खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ यस कार्यविधिको नाम कृषि औद्योगिक क्षेत्र (सुपर-जोन) विकास कार्यक्रम संचालन कार्यविधि -२०७३ रहेको छ ।

२.२ यो कार्यविधी नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्दछ ।

(ख) "सुपर जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरु भएको तोकिएको बाली/वस्तुमा न्यूनतम १००० हे. क्षेत्रफलमा संचालन भएको कृषि औद्योगिक क्षेत्र सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले सम्बन्धित सुपर-जोनसंचालक समिति सम्झनु पर्दछ ।

(घ) "प्याक हाउस सेन्टर" भन्नाले कृषि व्यवसायीकरणका लागि सम्बन्धित संचालक समिति वा अन्य निकायले संचालन गर्ने प्रशोधन केन्द्र, शीत भण्डार, ग्रेडिङ, प्याकेजिङ तथा संकलन केन्द्र लगायतका उत्पादनोपरान्त आवश्यक पूर्वाधारहरु सहितको सेवा केन्द्र सम्झनु पर्दछ ।

(ङ) "कस्टम हायरिङ सेन्टर" भन्नाले यान्त्रीकरण प्रवर्द्धनका सन्दर्भमा सम्बन्धित संचालक समिति वा अन्य निकायले संचालन गर्ने सम्बन्धित बाली/वस्तुका लागि उत्पादनदेखि भण्डारणसम्म आवश्यक पर्ने सबै प्रकारका मेशिनरी औजार उपकरणको सेवासहितको सुविधायुक्त केन्द्र सम्झनु पर्दछ ।

(च) "कृषिजन्य उद्योग" भन्नाले कृषि उपजलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने उद्योग सम्झनु पर्दछ ।

(छ) "व्यवस्थापक" भन्नाले सम्बन्धित सुपर-जोन व्यवस्थापक सम्झनु पर्दछ ।

(ज) "परियोजना कार्यान्वयन इकाई (PIU)" भन्नाले यस परियोजना अन्तरगत सुपर जोन क्षेत्रमा रहने प्रशासनिक इकाइ सम्झनु पर्दछ ।

(झ) "विषय विशेषज्ञ" भन्नाले सुपर-जोन क्षेत्रमा प्राविधिक परामर्शका लागि नेपाल सरकारले करारमा नियुक्त गरेको सम्बन्धित विषयको विशेषज्ञ सम्झनु पर्दछ ।

(ञ) "कार्यदल" भन्नाले यसै कार्यविधिको दफा ४.३ बमोजिमको कार्यदल सम्झनु पर्दछ ।

(ट) "व्यवसायिक खेती" भन्नाले कम्तिमा देहाय बमोजिमको खेती गरेको सम्झनु पर्दछ ।

| बाली | क्षेत्रफल: उच्च पहाड | मध्य पहाड | तराई | कैफियत |
|---|---|---|---|---|
| खाद्यान्न बाली | ५ रोपनी | ५ रोपनी | १० कठ्ठा | |
| तरकारी बाली | ५ रोपनी | ३ रोपनी | १० कठ्ठा | |
| माछा | १०० वर्ग मिटर | २ रोपनी | ३ कठ्ठा | [illegible] |
| मौरी | १० | २० | २० | आधुनिक घार |
| अन्य च्याउ | | १० क्वि. | १० क्वि. | बीउको प्रयोग |
| सिताके च्याउ | ५०० मुढा | ५०० मुढा | ५०० मुढा | |
| फलफूल | ५ रोपनी | ५ रोपनी | ५ कठ्ठा | |
| अलैंची | ५ रोपनी | ५ रोपनी | - | |
| अदुवा/बेसार | १ रोपनी | २ रोपनी | ५ कठ्ठा | |
| टनेल खेती | १०० वर्ग मिटर | १०० वर्ग मिटर | | |
| [illegible] फूल | ३०० वर्ग मिटर | २०० वर्ग मिटर | २०० वर्ग मिटर | |

## खण्ड ३. उद्देश्य

३.१ कृषि औद्योगिक क्षेत्र(सुपर जोन) विकास कार्यक्रम संचालनका उद्देश्यहरु देहायबमोजिम रहेका छन्-

(क) सुपर-जोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धिका साथै गुणस्तर एवं मूल्य अभिवृद्धि गर्ने,

(ख) सुपर-जोन क्षेत्रमा कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन, प्रशोधन केन्द्रहरुको स्थापना, कृषिजन्य उद्योग स्थापना, मूल बीउ उत्पादन तथा कृषि अनुसन्धान केन्द्र र अध्ययन संस्थान स्थापनामार्फत कृषि आधुनिकीकरणगर्दै आत्मनिर्भर कृषि अर्थतन्त्रको आधारशिला निर्माण गर्ने ।

## खण्ड ४. सुपर-जोन निर्माणप्रक्रिया

४.१ सुपर-जोन क्षेत्र निर्माणका लागि देहायका सेवा/सुविधा/पूर्वाधारहरु भएको हुनुपर्नेछ-

क) सडकको पहुँच भएको वा हुनसक्ने

ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने

ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने

घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

ङ) वित्तीय संस्थाहरुको पहुँच भएको

च) बजारको उपलब्धता भएको वा हुनसक्ने

४.२ यस परियोजना अन्तरगत प्रथम वर्ष अर्थात आ.व २०७३/७४ का लागि परियोजना दस्तावेजको अनुसूचीबमोजिमकाजिल्लाहरुका तोकिएका क्षेत्रमा तोकिएका बाली/वस्तुका कुल ४ सुपर-जोनहरु संचालनमा रहनेछन् । परियोजना अवधिमा सम्भाव्यताका आधारमा २१ वटा सुपर-जोनहरु मुलुकभरमा निर्माण गरिनेछन् । थप सुपर-जोनहरु सम्बन्धी निर्णयपरियोजना कार्यान्वयन समितिको सिफारिशमा परियोजना निर्देशक समितिले गर्नेछ ।

४.३ सुपर-जोन निर्माण गर्दा भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा क्षेत्रगत तोकिएका बाली/वस्तुका सुपर-जोनहरू निर्माण गर्न चाहने कृषक समूह/सहकारी/जल उपभोक्ता समूह/कृषि उद्यमी तथा व्यवसायिहरूको सूची तयार गरिनेछ । सूचीकृतहरूमध्येबाट आवश्यक संख्यामा सुपर-जोन छनौटका लागि परियोजना कार्यान्वयन इकाई(PIU) ले सम्बन्धित विषय विज्ञ/विशेषज्ञको संयोजकत्वमा आवश्यकतानुसार सदस्यहरू रहने गरी एक प्राविधिक कमिटि बनाइनेछ । उक्त कमिटिले आवश्यक सूचकहरू तयार गरी स्थलगत प्रमाणिकरण समेतको आधारमा सिफारिश गरे अनुरूप सम्बन्धित परियोजना कार्यान्वयन इकाई(PIU)ले सुपर-जोन क्षेत्रको छनौट गर्नेछ । तोकिएको क्षेत्रमा सुपर जोन संचालन गर्न तोकिएको क्षेत्रफल नपुगेमा सम्भाव्य वरिपरिको क्षेत्र समेत समावेश गर्न सकिनेछ । यसरी सुपर जोन क्षेत्र संचालन गर्न छानिएका कृषक समूह/सहकारी/जल उपभोक्ता समूह/कृषि उद्यमीहरू रहने दफा ५.१ अनुसारको सुपर-जोन संचालक समिति र सम्बन्धित परियोजना कार्यान्वयन इकाइकाबीच तोकिएका कार्यक्रमहरू संचालनका लागि एक सम्झौता हुनेछ । संचालन गरिने कार्यक्रमका सन्दर्भमा सम्बन्धित सुपर जोन कार्यान्वयन इकाईको समन्वयमा सम्बन्धित सुपर-जोन संचालक समितिले सम्बन्धित सुपर-जोन क्षेत्रका कृषक/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरूको मागमा आधारित कार्यक्रमहरूको प्रस्तावना तयार गरी सोही बमोजिम सम्झौता गरिनेछ ।

## खण्ड ५. सुपर-जोन संचालन प्रक्रिया

५.१ सुपर-जोन संचालनका सम्बन्धमा सम्बन्धित परियोजना कार्यान्वयन इकाईसंग भएको सम्झौता बमोजिमका कार्यहरू संचालन गर्ने सम्बन्धमा खण्ड ४ मा उल्लेखित प्रक्रियाद्वारा छनौट भई कृषक समूह/सहकारी/जल उपभोक्ता समूह/फर्म/कृषि उद्यमीद्वारा संचालन गरिने सुपर-जोन क्षेत्रको संचालनका लागि सम्बन्धित कृषक समूह/सहकारी/जल उपभोक्ता समूह/कृषि उद्यमीहरूमध्येबाट नै छानिएका व्यक्तिहरूको प्रतिनिधित्व रहने गरी कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय सुपर-जोन संचालक समिति गठन गरिनेछ । यसको लागि सुपरजोन क्षेत्र छनौट भएपछि सुपरजोन भित्र रहेका कृषक समूह/सहकारी/कृषी उद्यमी/जल उपभोक्ता समितिहरूबाट सुपरजोन संचालक समिति गठनको लागि ७ दिनको म्याद सहित पत्राचार गरिने वा अन्य स्थानीय संचार माध्यम मार्फत आह्वान गरिनेछ । उक्त मंडलको सिफारिस अनुसार एक भन्दा बढी आवेदकहरूलाई संयुक्त रूपमा समिति गठनको लागि समेत अनुरोध गर्न सकिने छ

। टीकेपीको अवधिमा मनोनीत गरिने भई ... सम्बन्धित सुपरजोन कार्यान्वयन इकाईले सहजिकरण गरी १५ दिन भित्र समिति निर्माण गर्न सक्नेछ । समितिको सदस्यमा सम्बन्धित बाली/वस्तुको व्यवसायिक खेतीमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ । उक्त समितिमा संयोजक, उपसंयोजक, सचिव र सहसचिव एक-एक जना र बाँकी ५ जना सदस्य रहनेछन् । सुपर-जोन संचालक समितिको प्रमुख अधिकारी पदहरुमा कम्तिमा १ जना महिला हुनु पर्नेछ । तोकिएको क्षेत्रफलको व्यवस्थापन गरेर कृषि उद्यमी, कम्पनी वा फर्म एक्लैले संचालन गर्ने सुपर जोन क्षेत्रको हकमा गर्ने त्यस्तो कृषक उद्यमी, कम्पनी वा फर्म स्वयंले नै सुपर-जोन सन्चालक समितिको भूमिका निर्वाह गर्नेछ । संविधानको भावना अनुरुप स्थानीय तह गठन भैसकेपछि यस परियोजना अन्तर्गतका कार्यक्रमहरु स्थानीय निकायमा हस्तान्तरण गर्ने भनी सो जोन परियोजना दस्तावेजमा उल्लेख भएको सन्दर्भमा सम्बन्धित स्थानीय तहका प्रमुख पनि समितिको आमन्त्रित सदस्यको रुपमा रहनेछन् । सुपर-जोन कार्यान्वयनमा खटिने तोकिएको वरिष्ठ कृषि अधिकृत, नजिकको कृषि सेवा केन्द्र, फार्म केन्द्र, कृषि तालिम केन्द्र, प्रयोगशाला, र कृषि अनुसन्धान केन्द्रका प्रतिनिधिहरु, सरोकारवाला निकायका जिल्ला स्थित कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, अधीनस्थका कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु समेत सुपर जोन संचालक समितिको सल्लाहकारका रुपमा रहनेछन् । यस इकाईले यस्ता कार्यक्रम कार्यान्वयन गर्न गराउन नेपाल सरकारको तर्फबाट उपलब्ध गराइने सहजिकरण अनुदान अनुसारको प्राप्त हुने सम्पूर्ण स्रोत रकम सुपरजोन कार्यान्वयनमा खटिने सुपरजोन प्रमुखको सहमतिमा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार खर्च गरिनेछ

५.२ सुपर-जोन संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) तोकिएका मापदण्डहरुका आधारहरुमा सुपर जोन व्यवस्थापक नियुक्त गर्ने

ख) सुपर-जोन व्यवस्थापकको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने

ग) सुपर-जोन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक उत्पादन सामग्री र स्रोतको परिमाण आंकलन गर्ने, उत्पादन योजना तयार गर्ने, आवश्यक जनशक्ति र अन्य सामग्रीको स्रोत परिचालन गर्ने । सम्बन्धित व्यक्तिको वार्षिक निर्धारण गर्ने ।

घ) सुपर-जोनमा निर्माण हुने पूर्वाधार विकास सम्बन्धी कार्यका लागि परियोजना कार्यान्वयन इकाइलाई आवश्यक समन्वय गर्ने

ङ) सुपर-जोन संचालनका लागि परियोजना कार्यान्वयन इकाई, जिल्ला कृषि विकास कार्यालय र अन्य सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गर्ने ।

च) सुपर-जोनलाई व्यवस्थित रूपमा संचालनका लागि आधार तयार गर्ने, संलग्न कृषक समूह/सहकारी/उपभोक्ता समूह/समिति/फर्म/कृषि उद्यमी आदिसँग निरन्तर सम्वाद र सहकार्य गर्ने

छ) संचालक समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रूपमा आवश्यकतानुसार अन्य समयमा बस्नेछ । बैठकमा समिति बाहिरका प्रतिनिधिहरू आमन्त्रित गर्न सकिनेछ ।

ज) सुपर-जोन संचालन सम्बन्धि आन्तरिक आचारसंहिता (code of conduct) आवश्यक भएमा तयार गरी पालना गर्ने गराउने ।

झ) कार्यक्रम संचालनको लागि समितिले विनियममा उल्लेख गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

ञ) समिति मार्फत सञ्चालन गरिने आर्थिक कारोबारहरूको लेखा व्यवस्थापन तथा लेखा परीक्षण प्रतिवेदन तयार गर्ने ।

ट) सुपर-जोन निर्माण, व्यवस्थापन, संचालन र अनुगमनको सन्दर्भमा अन्य सबै आवश्यक कार्यहरू गर्ने ।

ठ) कार्यक्रमको संचालनको लागि समितिको अवधी र समितिका पदाधिकारी तथा सदस्यहरूको पदावधी समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ । तर समितिका पदाधिकारी र सदस्यहरूको पदावधि २ वर्षभन्दा बढी हुने छैन । समितिले आवश्यक विनियम तयार गरी सोही बमोजिम समितिका पदाधिकारी तथा सदस्यहरूको चयन गर्नेछ । समितिमा एकै परिवारबाट एक भन्दा बढी व्यक्ति रहन सक्ने छैन र एकै व्यक्ति लगातार एक कार्यकाल भन्दा बढी एकै पदमा रहन सक्ने छैन तर सदस्यको हकमा यो व्यवस्था लागु हुने छैन ।

ड) समिति गठन भएको ६ महिना भित्र जिल्ला कृषि विकास कार्यालयमा दर्ता हुनुपर्नेछ । उक्त समितिको नियमित नविकरण गर्ने जिम्मेवारी समितिको हुनेछ ।

५.२ सुपर-जोन व्यवस्थापक(Super-Zone Manager)को नियुक्ति, काम, कर्तव्य र अधिकार

जिल्लामा संचालन हुने सुपर-जोन विकास कार्यक्रमको प्रभावकारी संचालन तथा आवश्यक समन्वयको लागि सुपर-जोन संचालक समितिले देहायको योग्यता भएको एक सुपर-जोन व्यवस्थापक नियुक्त गर्नेछ-

क) कम्तीमा बी.एस्सी.एजी शैक्षिक योग्यता भएको,

ख) कृषि उपज/वस्तुको व्यवसाय/बजार/उद्योग व्यवस्थापन कार्यमा न्यूनतम ३ वर्ष अनुभव भएको

ग) ४० वर्ष उमेर ननाघेको,

घ) समन्वय क्षमता उच्च रहेको,

ङ) स्थानीय भाषा बोलचाल गर्न सक्ने।

च) कुनै राजनैतिक दलको संगठनिक पदमा निर्वाचित पदाधिकारी नरहेको

छ) सरकारी वा कुनै संगठित संस्थाको बहालवाला कर्मचारी नरहेको

ज) नैतिक पतन, आर्थिक अपचलन वा कुनै फौजदारी अभियोगमा कसुरवार नठहरिएको

झ) मानसिक अवस्था सामान्य रहेको

५.३ सुपर-जोन व्यवस्थापकको काम, कर्तव्य र अधिकार सुपर-जोन संचालक समितिले तोके बमोजिम हुनेछ ।

५.४ सुपर-जोन व्यवस्थापकको पारिश्रमिक सुपर-जोन संचालक समितिले निर्धारण गरे बमोजिम समितिबाटै भुक्तानी हुनेछ ।

## खण्ड ६. संचालन गरिने कार्यक्रम/क्रियाकलाप

### ६.१ सुपर-जोन स्तरमा परियोजना अभिमुखीकरण

क) सम्बन्धित परियोजना कार्यान्वयन इकाई (PIU)ले सुपर-जोन क्षेत्रका कृषक, कृषक समूह/सहकारी/जल उपभोक्ता समूह/बजार संचालक समिति/कृषि उद्यमी/फर्म,कृषि उद्यमी तथा व्यवसायी, निजि सेवा प्रदायक लगायत अन्य सरोकारवालाहरू निकायहरूको उपस्थितिमा परियोजना र सुपर-जोन संचालन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गर्नेछ।

६.२ प्रविधि तथा प्राविधिक सहयोग

क) सम्बन्धित परियोजना कार्यान्वयन इकाई (PIU) ले प्रत्येक सुपर-जोनक्षेत्रमा सम्बन्धित बाली/वस्तुका १ हे. क्षेत्रफलका सहभागितात्मक वैज्ञानिक उत्पादन तथा प्रशोधन प्रविधि प्रदर्शनका लागि केन्द्र संचालन गरिनेछ । यस्ता केन्द्रहरु सम्भाव्यता र आवश्यकताको आधारमा सुपरजोन क्षेत्रको प्रत्येक गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा.को उपयुक्त स्थानमा कम्तिमा १/१ वटा रहने गरी संचालन गर्न सकिनेछ । परियोजना दस्तावेजमा उल्लेख भए अनुसार प्राविधिक सहयोगमा नेपाल सरकारको तर्फबाट इन्स्टिच्युशनल अनुदान सहयोग हुनेछ ।

ख) सुपर जोन क्षेत्र तोकिए सके पछि, सो क्षेत्र बाहिरका गाउँ किसानलाई आधुनिकीकरण तर्फ आकर्षण गराई सुपर जोन क्षेत्र विस्तारको लागि उपयुक्त वातावरण तयार गर्न सुपरजोन आसपासका क्षेत्रहरुमा यान्त्रिकरण प्रदर्शनका कार्यक्रमहरु समेत संचालन गरिनेछ ।

ग) सम्बन्धित सुपर-जोन क्षेत्रमा एकिकृत माटो, बीउ र बाली संरक्षण सेवा उपलब्ध गराउन माटो, बीउ, बाली संरक्षण र अन्य प्रविधि प्रयोगशाला स्थापना गरिनेछ । साथै सुपरजोन क्षेत्र भित्र विद्यमान रहेका सम्बन्धित स्रोत केन्द्रहरु (फार्म, प्रयोगशाला, बजार, प्रशोधन उद्योग) हरुको सुदृढीकरण र आधुनिकिकरण गरिनेछ

घ) पहिचान भएको सुपर जोन क्षेत्र र सो क्षेत्रभित्रको गा.वि.स./न.पा.हरुमा सम्बन्धित बालीका एउटा साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्न सकिनेछ ।

ङ) यसका अलावा आवश्यकता अनुरुप प्रविधि प्रसार तथा प्राविधिक सहयोगका कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्न सकिनेछ ।

६.३ संस्थागत सहयोग कार्यक्रम

६.३.१ कृषि अध्ययन संस्थान/कलेज स्थापना/सुदृढिकरण सहयोग

क) प्रत्येक सुपर-जोनमा कृषि अध्ययन संस्थान/कलेज संचालन/सुदृढिकरण सहयोगको कार्यक्रम संचालन गरिनेछ । यसको लागि परियोजना कार्यान्वयन इकाईले प्राविधिक शिक्षालय संचालन/सुदृढिकरण गर्न चाहने निकाय/संस्थासँग सम्झौता गरी कार्यान्वयन गर्नेछ ।

६.३.२ एकिकृत कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापना सहयोग

क) प्रत्येक सुपर-जोनमा नेपाल कृषि अनुसन्धान परिषद् र कृषि विभागमार्फत संचालित कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापना सहयोगको कार्यक्रम संचालन गरिनेछ । नेपाल कृषि अनुसन्धान परिषद्ले सम्बन्धित सुपर-जोनमा सम्बन्धित बाली/वस्तुको अनुसन्धान तथा विकासको लागि सम्बन्धित वैज्ञानिकको नेतृत्वमा एउटा अनुसन्धान इकाई स्थापना हुनेछ । प्रविधि प्रसारको लागि कृषि विभाग अन्तरगत कृषि अधिकृतको नेतृत्वमा प्रविधि प्रसार टोली रहनेछ ।

ख) यस्तो अनुसन्धान इकाईले सम्बन्धित सुपर-जोन क्षेत्रमा लगाइने बाली सम्बद्ध अनुसन्धान तथा सो बाली/वस्तुको मूल बीउ उत्पादन सम्बन्धि कार्यक्रम गर्नेछ । यस्तो इकाईलाई सम्बन्धित कृषि अध्ययन संस्थान, कलेज, जिल्ला कृषि विकास कार्यालय, अनुसन्धान केन्द्र, क्षेत्रीय प्रयोगशाला/फार्म/केन्द्र र सम्बन्धित सुपर-जोन कार्यान्वयन इकाईले आवश्यक सहयोग पुर्‍याउनेछ ।

६.४ कृषि यान्त्रीकरणका लागि Custom Hiring Center स्थापना

क) सम्बन्धित सुपर-जोनमा यान्त्रीकरण प्रवर्द्धनका लागि तोकिएका बाली/वस्तुको उत्पादन देखि भण्डारणसम्म आवश्यक पर्ने सबै प्रकारका मेसिनरी औजार उपकरण को सेट खरिदमा परियोजना दस्तावेजमा उल्लेख भए बमोजिमको बढीमा ५० प्रतिशत पुँजीगत अनुदान उपलब्ध गराइनेछ

ख) सम्बन्धित सुपर-जोनका लागि आवश्यक मेसिनरी औजार उपकरण र ढुवानी साधन समेतको सेटको विवरण र लागत इस्टिमेट आवश्यकता अनुसार कृषि इन्जिनियरिङ निर्देशनालयको सहयोग र सम्बन्धित कार्यक्रम निर्देशनालय/सम्बन्धित बाली, वस्तुको विकास कार्यक्रमसँग समन्वय गरी सम्बन्धित परियोजना कार्यान्वयन इकाई(PIU)ले गर्नेछ ।

ग) यस्तो केन्द्र स्थापनाका लागि सम्बन्धित संचालक समिति वा सम्बन्धित कृषि उद्यमीले आवश्यक घर तथा जग्गा उपलब्ध गराउनु पर्नेछ । यस्तो जग्गा सम्बन्धित संचालक समितिको आफ्नै स्वामित्वमा नभएमा कम्तिमा १० वर्ष अवधिका लागि भाडामा लिएको हुनुपर्नेछ । जग्गा उपलब्ध हुन नसकेको अवस्थामा घर भाडामा लिएर समेत संचालन गर्न सकिनेछ

घ) सम्बन्धित सुपर-जोन संचालक समितिले उक्त मेसिनरी औजार उपकरणको सेट खरिद गरि Custom Hiring Center संचालन गर्ने वाहेक सोही समितिमार्फत वा सो समिति यस किसिमको सेवा उपलब्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य

कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषि फर्म/कम्पनी वा निजि सेवा प्रदायकलाई सम्बन्धित सुपर-जोनलाई प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा सो सेवा उपलब्ध गराउने शर्तमा यस कार्यका लागि अनुदान उपलब्ध गराउन सकिनेछ।

ङ) यस केन्द्र संचालन गरेबापतको पुँजीगत अनुदान सम्बन्धित सुपर जोन संचालक समिति वा उपरोक्तानुसार सो सेवा संचालन गर्ने कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषि फर्म/कम्पनी वा निजि सेवा प्रदायकको बैंक खातामा विद्यमान आर्थिक ऐन नियम अनुसार उपलब्ध गराइनेछ ।

च) यसरी Custom Hiring Center स्थापना तथा संचालन गर्न चाहने निकाय/संस्था र सम्बन्धित परियोजना कार्यान्वयन इकाई बीच सम्झौता गरी सोही बमोजिम कार्यान्वयन गरिने छ ।

छ) यसरी स्थापना हुने Custom Hiring Centerहरुले सम्बन्धित सुपर जोनमा आबद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त बमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

६.५ पोष्ट हार्भेष्ट सेन्टर स्थापना

क) सम्बन्धित सुपर-जोनमा कृषि व्यवसायीकरणका लागि प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिंग, प्याकेजिङ्ग, कुलिङ्ग, तौलाई, लेबलिङ्ग, ढुवानी, प्रदर्शन तथा बिक्री कक्ष/स्टल लगायतका उत्पादनोपरान्त उपज व्यवस्थापन/ह्याण्डलिङ तथा बजार व्यवस्थापन सम्बन्धी आवश्यक पूर्वाधारहरु र ढुवानी साधन समेत रहेको एक पोष्ट हार्भेष्ट सेन्टर निर्माण गरिनेछ । यसका लागि परियोजना दस्तावेजमा उल्लेख भए बमोजिमको बढीमा ८५ प्रतिशत पुँजीगत अनुदान उपलब्ध गराइनेछ ।

ख) यस्तो केन्द्र स्थापनाका लागि सम्बन्धित संचालक समिति वा सम्बन्धित कृषि उपमण्डीले आवश्यक घर तथा जग्गा उपलब्ध गराउनु पर्नेछ । यस्तो जग्गा सम्बन्धित संचालक समितिको आफ्नै स्वामित्वमा नभएमा कम्तिमा १० वर्ष अवधिका लागि भाडामा लिएको हुनुपर्नेछ । जग्गा उपलब्ध हुन नसकेको अवस्थामा घर भाडामा लिएर समेत संचालन गर्न सकिनेछ ।

ग) सम्बन्धित सुपर-जोनका लागि आवश्यक पोष्ट हार्भेष्ट सेन्टरको विस्तृत डिजाइन र लागत इष्टिमेट आवश्यकता अनुसार कृषि इन्जिनियरिङ्ग निर्देशनालयको सहयोग र सम्बन्धित कार्यक्रम निर्देशनालय, बाली/बस्तुका राष्ट्रिय कार्यक्रम, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास

निर्देशनालय र पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशिका बमोजिम आवश्यकता अनुसारको समन्वय सम्बन्धित परियोजना कार्यान्वयन इकाइ (PIU) ले गर्नेछ ।

घ) सम्बन्धित सुपर जोन संचालक समितिले बनाउने पोष्ट हार्भेष्ट सेन्टर संचालन गर्न चाहेमा सोही समितिमार्फत वा सो समिति स्वयं कृषकको सेवा उपलब्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषिउद्यमी/फर्म वा नीजि सेवा प्रदायकलाई सम्बन्धित सुपर-जोनलाई प्राथमिकतामा राखी अन्य क्षेत्रमा समेत सहभागी गराई सो सेवा उपलब्ध गराउने शर्तमा यस कार्यक्रमको अनुदान उपलब्ध गराइनेछ ।

ङ) यस सेन्टर सञ्चालन गर्नेहरूको स्वीकृत अनुदान सम्बन्धित सुपर जोन संचालक समिति वा उपरोक्तानुसार सो सेवा संचालन गर्ने कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषिउद्यमी वा नीजि सेवा प्रदायकको बैंक खातामा विद्यमान आर्थिक ऐन नियम अनुसार उपलब्ध गराइनेछ ।

च। यसरी पोष्ट हार्भेष्ट सेन्टर स्थापना तथा संचालन गर्न चाहने निकाय/संस्था र सम्बन्धित परियोजना कार्यान्वयन इकाई बिच सम्झौता गरी मात्र कार्यक्रम कार्यान्वयन गरिने छ ।

छ। यसरी स्थापना हुने पोष्ट हार्भेष्ट सेन्टरहरूले सम्बन्धित सुपर-जोनमा आबद्ध कृषकहरूको अलावा आसपासका क्षेत्रका कृषकहरूलाई समेत सम्झौतामा उल्लेख भएको शर्त बमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

### ६.५ हाइटेक नर्सरी पूर्वाधार विकासमा सहयोग

क। स्वस्थ तथा गुणस्तरीय बिरुवा उत्पादनका लागि सरकारी-निजि-सहकारी/समूहको साझेदारीमा सुपर-जोन क्षेत्रमा उच्च प्रविधियुक्त/हाइटेक नर्सरी तथा नर्सरी पूर्वाधार स्थापना गरिनेछ । यसका लागि नर्सरी स्थापना गर्न आवश्यक पर्ने मेष हाउस, नेट हाउस, ग्रीन हाउस लगायतका पूर्वाधारहरु स्थापनामा समेत अनुदान उपलब्ध गराइनेछ । यसका लागि परियोजना दस्तावेजमा उल्लेख भए बमोजिमको बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

ख। यस्तो नर्सरी तथा नर्सरी पूर्वाधार स्थापनाका लागि सम्बन्धित सुपरजोन संचालक समिति वा सम्बन्धित कृषक उद्यमीले आवश्यक जग्गा उपलब्ध गराउनु पर्नेछ ।

ग) सम्बन्धित सुपर-जोनका लागि आवश्यक हाइटेक नर्सरी तथा नर्सरी पूर्वाधारको विस्तृत डिजाइन र लागत इष्टिमेट आवश्यकता अनुसार सम्बन्धित निर्देशनालयको सहयोग र समन्वयमा सम्बन्धित परियोजना कार्यान्वयन इकाई (PIU) ले गर्नेछ ।

घ) सम्बन्धित सुपर जोन संचालक समितिले यस्तो हाइटेक नर्सरी तथा नर्सरी पूर्वाधार स्थापना गर्न चाहेमा सोही समितिमार्फत वा सो समिति वा किसानको सेवा उपलब्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषि फर्म/कम्पनी निजी सेवा प्रदायकलाई सम्बन्धित सुपर जोनलाई प्राथमिकतामा राख्दै अन्य क्षेत्र समेत सहुलियत दरमा बिरुवा उपलब्ध गराउने शर्तमा यस कार्यक्रमको अनुदान उपलब्ध गराइनेछ।

ङ) यस्ता उच्च प्रविधियुक्त नर्सरी तथा नर्सरी पूर्वाधार संचालन स्थापनाको पुँजीगत अनुदान सम्बन्धित सुपर जोन संचालक समिति वा उपरोक्त अनुसार सो सेवा संचालन गर्ने कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषि फर्म/कम्पनी निजी सेवा प्रदायकको बैंक खातामा विद्यमान आर्थिक ऐन नियम अनुसार उपलब्ध गराइनेछ ।

च) यसरी उच्च प्रविधियुक्त नर्सरी तथा नर्सरी पूर्वाधार स्थापना तथा संचालन गर्न चाहने निकाय/संस्था र सम्बन्धित परियोजना कार्यान्वयन इकाईबीच सम्झौता गरी सोही बमोजिम कार्यान्वयन गरिनेछ ।

छ) यसरी स्थापना हुने नर्सरी तथा नर्सरी पूर्वाधारहरुले सम्बन्धित सुपर जोनमा आबद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त बमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

५.६ सिंचाइपूर्वाधार निर्माण तथा मर्मत सम्भार सहयोग

क) साना सिंचाइ निर्माण तथा मर्मत सुधार सम्बन्धित सुपर-जोन संचालक समितिले निर्णय गरे बमोजिमका स्थानमा सम्बन्धित सुपर जोन संचालक समिति वा समितिले तोकेको समूह/सहकारी र सम्बन्धित परियोजना कार्यान्वयन इकाई बीच सम्झौता गरी कार्यान्वयन गरिनेछ । यस्ता पूर्वाधारहरु निर्माण गर्दा परियोजना दस्तावेजमा उल्लेख भए बमोजिमको बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

घ) मझौला तथा ठूला सिंचाइ निर्माण तथा मर्मत सम्भारका लागि सिंचाइ मन्त्रालयको समन्वयमा संचालन गरिनेछ ।

६.७ मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापना सहयोग कार्यक्रम

क. भौगोलिक क्षेत्र अनुसार उपयुक्त मत्स्य पोखरी तथा ह्याचरी निर्माण गर्न सम्बन्धित सुपरजोन व्यवस्थापन समिति मार्फत गरिने छ । साथै प्रत्येक सुपरजोन क्षेत्रमा कम्तीमा एक वटा सिंचाई प्रयोजन र एकीकृत मत्स्य पालन र प्रविधी प्रदर्शन सहितको आधुनिक नमुना मत्स्य पोखरी निर्माण गरिनेछ ।

ख. यस समितिले मत्स्य ह्याचरी स्थापना गर्न कुनैपनि कारणले अनिच्छुक देखिएमा सो कार्य गर्न इच्छुक अन्य कृषक, कृषक समूह, कानून बमोजिम दर्ता भएका कृषि कम्पनी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति वा निजि क्षेत्र प्रदायकलाई सम्बन्धित सुपर जोनलाई प्राथमिकतामा राख्दै उचित मूल्यमा समेत सहुलियत दरमा मत्स्य भुरा उपलब्ध गराउने शर्तमा यस बापतको अनुदान उपलब्ध गराउन सकिने छ ।

ग. मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापनाको लागि आवश्यकता अनुसार सम्बन्धित निर्देशनालयको प्राविधिक सहयोग र समन्वयमा सम्बन्धित परियोजना कार्यान्वयन इकाईले मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापना कार्यक्रम संचालन गरिनेछ ।

घ. मत्स्य पोखरी र ह्याचरी निर्माण गर्दा विद्यमान व्यवस्था बमोजिमको अनुदान सहयोग उपलब्ध गराईनेछ

ङ. साथै आवश्यकता र सम्भाव्यताको आधारमा साना संरक्षण किचेन पोखरी (Conservation Kitchen Pond) हरु निर्माण गर्न ५० प्रतिशत सम्म अनुदान सहयोग प्रदान गर्न सकिनेछ ।

च. यसरी मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापना कार्य सञ्चालन गर्न चाहने निकाय/संस्था र सम्बन्धित परियोजना कार्यान्वयन इकाईबिच सम्झौता गरी सोही बमोजिम कार्यान्वयन गरिने छ

छ) यसरी स्थापना हुने मत्स्य ह्याचरीहरुले सम्बन्धित सुपरजोनमा आबद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त बमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

ज) सुपर-जोन सञ्चालन हुने क्षेत्रमा परियोजना लागु हुनुभन्दा अगाडि संचालनमा रहेका मत्स्य ह्याचरीहरुको सुदृढीकरणमा समेत यस किसिमको अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

६.७ कृषि प्रविधि केन्द्र स्थापना तथा संचालन

क) सम्बन्धित सुपर-जोन क्षेत्रका कृषकहरुलाई लक्षित गरी नयाँ प्रविधिहरु सम्बन्धि जानकारी प्राप्त गर्ने थलोको रुपमा एक कृषि प्रविधि केन्द्र सुपरजोन कार्यान्वयन इकाई वा नजिकको कृषि सेवा केन्द्रमा स्थापना गरिनेछ । सामुदायिक कृषि प्रसार सेवाकेन्द्र संचालनमा आएको सम्भाव्यताको आधारमा कृषि प्रविधि केन्द्रहरु सामुदायिक कृषि प्रसार सेवा केन्द्रलाई हस्तान्तरण गरिनेछ ।

ख) यस्तो केन्द्रमा न्युनतम रुपमा देहायका सुविधाहरु रहने छन्:

१. इन्टरनेट सेवा सहितको कक्ष

२. नवितनतम कृषि प्रविधि सम्बन्धि जानकारीहरु भएका जर्नल/पुस्तक/पत्रिकाहरु पढ्ने व्यवस्था

३. टोल फ्रि सेवा/किसान कल सेन्टर सेवा

४. कृषकले कृषि सम्बन्धि जानकारी माग गर्ने अन्य विषयहरुको सम्बोधन हुने व्यवस्था

६.९ प्राङ्गारिक मल कारखाना स्थापना सहयोग

क) सुपर जोन क्षेत्रमा प्राङ्गारिक मलको व्यवस्थापनका लागि हाल संचालनमा रहेका प्राङ्गारिक मल कारखानालाई सहयोग गर्ने वा प्राङ्गारिक मल कारखाना स्थापना कार्यविधि, २०६७ बमोजिम नयाँ कारखाना स्थापना गर्ने व्यवस्था सम्बन्धित परियोजना कार्यान्वयन इकाइबाट आवश्यकतानुसार निर्णय लिई संचालनमा ल्याउन सहयोग गरिनेछ ।

६.१० जैविक विषादी उत्पादन केन्द्र स्थापना सहयोग

ङ। सुपर जोन क्षेत्रमा औषध/विषादी उत्पादनका लागि हाल संचालनमा रहेका वा स्थापना हुने उत्पादन केन्द्रहरुलाई सुपरजोन सञ्चालक समितिको सिफारिसमा कार्यान्वयन इकाईबाट आवश्यकतानुसार निर्णय लिई अनुदान उपलब्ध गराईनेछ।

## ६.११ टिस्युकल्चर ल्याबोरेटरी स्थापना तथा संचालन

क) सम्बन्धित सुपर-जोनका आवश्यक गुणस्तरीय बिउ/बिरुवा उत्पादनका लागि टिस्युकल्चर ल्याबोरेटरी स्थापनार्थ ५० प्रतिशत पुँजीगत अनुदान उपलब्ध गराइनेछ ।

ख) यस्तो ल्याब स्थापनाका लागि सम्बन्धित संचालक समिति वा सम्बन्धित कृषि उद्यमीले आवश्यक जग्गा उपलब्ध गराउनु पर्नेछ ।

ग) सम्बन्धित सुपर-जोनका लागि आवश्यक टिस्युकल्चर ल्याबोरेटरीको विस्तृत डिजाइन र लागत इस्टिमेट आवश्यकता अनुसार कृषि इन्जिनियरिङ निर्देशनालयको तथा राष्ट्रिय आलु विकास कार्यक्रमको सहयोग र समन्वयमा सम्बन्धित परियोजना कार्यान्वयन इकाइ (PIU) ले गर्नेछ ।

घ) सम्बन्धित सुपर जोन संचालक समितिले यस्तो पोष्ट हार्भेष्ट सेन्टर संचालन गर्न चाहेमा सोही समितिमार्फत वा सो समिति यस किसिमको सेवा उपलब्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषि उद्यमी वा निजि सेवा प्रदायकलाई सम्बन्धित सुपर-जोनलाई प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा सो सेवा उपलब्ध गराउने शर्तमा त्यस्ता कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषि उद्यमी वा निजि सेवा प्रदायकलाई यस बापतको अनुदान उपलब्ध गराइनेछ।

ङ) यस सेन्टर संचालन गरेबापतको पुँजीगत अनुदान सम्बन्धित सुपर जोन संचालक समिति वा उपरोक्तानुसार सो सेवा संचालन गर्ने कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषि उद्यमी वा निजि सेवा प्रदायकको बैंक खातामा विद्यमान आर्थिक ऐन नियम अनुसार उपलब्ध गराइनेछ

## ६.१२ बीउबिजन आन्तरिक गुणस्तर नियन्त्रण

क। सुपरजोन क्षेत्रमा उत्पादन भएको बीउ तथा अन्य क्षेत्रबाट उत्पादन/प्रशोधन भई सुपरजोन क्षेत्रमा प्रयोग हुने बीउ बिजनहरुको आन्तरिक गुणस्तर नियन्त्रण कार्य बीउ बिजन गुणस्तर नियन्त्रण

केन्द्र, क्षेत्रिय बीउ विजन प्रयोगशाला र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुको सहयोग समन्वयमा निर्धारित निर्देशिका/कार्यविधी बमोजिम गरिनेछ।

६.१३ द्रुत विषादी अवशेष परिक्षण प्रयोगशाला स्थापना सहयोग

क) बाली संरक्षण निर्देशनालयको सहयोग र समन्वयमा हाल प्रचलित प्रावधानअनुरुप नै सरल द्रुत विषादी अवशेष परिक्षण प्रयोगशाला तरकारी र आलुबालीको सुपर-जोन क्षेत्रमा व्यवस्था गरिनेछ।

६.१५ मिनिल्याब स्थापना सहयोग (माटो, बीउ, बाली संरक्षण, माछा र खाद्य प्रविधि तथा गुण नियन्त्रण)

क) प्रत्येक सुपरजोनमा सम्बन्धित बालीका लागि आवश्यक पर्ने प्रयोगशाला सेवा सञ्चालन गर्नका लागि सुपरजोन सञ्चालक समिति वा सुपरजोन क्षेत्र भित्र रहेका सम्बन्धित अध्ययन संस्थान/प्रयोगशाला/फार्म/केन्द्रहरुलाई निश्चित वार्षिक रकमको सीमामा रही एकमुष्ठ अनुदान प्रदान गरिनेछ। यसरी अनुदान प्राप्त गर्ने संस्थाहरुले सुपरजोन कार्यान्वयन इकाईसंग सम्झौता गरी सम्झौताका शर्तबमोजिम सुपरजोन भित्रका कृषकहरुलाई प्राथमिकतामा राखी प्रयोगशाला सेवा प्रदान गर्नुपर्नेछ।

६.१६ कृषिजन्य उद्योग स्थापना सहयोग

क) हरेक सुपर-जोनमा सम्बन्धित बाली/वस्तुको प्रशोधनमा आधारित उद्योग/उद्योगहरु स्थापना गरिनेछ । उद्योग संख्या र आवश्यकताका आधारमा सम्बन्धित सुपरजोन कार्यान्वयन इकाईको सिफारिसमा तोकिएका बाली वस्तुमा आधारित उद्योगहरु सुपरजोन क्षेत्रमा उत्पादित बाली/वस्तुहरु कच्चा पदार्थको रुपमा खपत हुने गरीमा कुनै क्षेत्रमा पनि स्थापना गर्न सकिनेछ

ख) यस सम्बन्धी कार्यक्रमहरु उद्योग मन्त्रालयबाट सञ्चालन हुनेछ।

६.१७ स्थानीय स्रोत व्यक्ती परिचालन

क) सामाजिक परिचालन गरिएका परियोजनाको प्रभावकारी कार्यान्वयनमा सहजिकरण गर्नका साथै सुपरजोन संचालक समिति र जिल्ला कृषि विकास कार्यालय तथा परियोजना कार्यान्वयन इकाई बिच समन्वय कायम गर्न सम्बन्धित सुपरजोन क्षेत्रमा आवश्यकता अनुसारको संख्यामा स्थानीय स्रोत व्यक्ती नियुक्त गरी परिचालन गर्न सकिने छ ।

ख: यसको लागि सम्बन्धित सुपरजोन कार्यान्वयन इकाईले आवेदन माग गरी सम्झौतामा उल्लेख गरिए बमोजिमका कार्यहरु संचालन गर्नको लागि स्वीकृत मासिक रकमको सीमाभित्र रही सेवा सुविधा प्रदान गर्ने गरी स्थानीय स्रोत व्यक्ती परिचालन गर्न सक्नेछ ।

ग। स्थानीय स्रोत व्यक्तीको लागि आवेदन दिने उमेदवारहरुले देहायका मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

- सुपरजोन क्षेत्र अन्तर्गत रहेका गा.वि.स./न.पा. भित्र उपलब्ध भएसम्म स्थाई बसोबास भएको।
- नेपाली नागरिक
- अन्य कुनै संघ संस्थामा रोजगार नपाएको र स्वयम् उद्यम गैरजागिरी व्यवसाय गर्न तयार भएको ।
- १०+२/JT/JTA वा सो सरहको शैक्षिक योग्यता भएको
- दलित, आदिवासी जनजाती, मधेसी, मुस्लिम, पिछडिएको वर्ग र महिलालाई प्राथमिकता दिइने ।
- सामाजिक परिचालकको रुपमा काम गर्न इच्छुक
- परियोजनाका सेवाग्राही तथा सरोकारवाला बिच सेवा आदान प्रदान गर्न सक्ने क्षमता भएको
- स्थानीय स्तरमा प्रचलित भाषा बोल्न र लेख्न सक्नेलाई प्राथमिकता दिइने
- उन्नत कृषि प्रविधि सम्बन्धि ज्ञान भएको साथै सामाजिक परिचालकको रुपमा कार्य गरेका अनुभवीलाई प्राथमिकता दिइने
- प्राविधिक कृषि कार्यकर्ता तालिम प्राप्त गरेकालाई विशेष प्राथमिकता दिइने ।
- उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- स्वयम् सेवा प्रकृतिको कार्यक्रम हुनाले कार्यालयबाट उपलब्ध गराईने मासिक पारिश्रमिक आपतको रकममा काम गर्न इच्छुक

घ। स्थानीय स्रोत व्यक्तीको TOR देहाय बमोजिमको हुनेछ -

१. सम्बन्धित सुपरजोनमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सहजिकरण गर्ने ।
२. कार्यक्षेत्रमा रही कृषि सम्बन्धी तथ्यांकहरु तथा जानकारी संकलन गर्न सहजिकरण गर्ने ।

कृषकहरुका आवश्यकता/समस्याहरु संकलन तथा कम्पाइल गरी विज्ञसमक्ष परामर्श गरी समाधान गर्न सहजिकरण गर्ने।

सम्बन्धित परियोजना कार्यान्वयन इकाईको मातहतमा रही अन्य तोकिएका कार्यहरु गर्ने

६.१९ विषय विशेषज्ञको नियुक्ती

क। सुपरजोन व्यवस्थापन इकाईको मातहतमा रही तोकिएका कार्यहरु संचालन गर्न र कार्यक्रम संचालनको क्रममा आवश्यक प्राविधिक परामर्श उपलब्ध गराउन सुपरजोन कार्यान्वयन इकाईले विद्यमान आर्थिक ऐन नियम बमोजिम एक जना विषय विशेषज्ञ नियुक्ती गर्न सक्नेछ ।

ख। निजलाई स्वीकृत बजेटमा व्यवस्था भए बमोजिमको सम्झौतामा उल्लेख गरी सेवा सुविधा प्रदान गरिनेछ ।

ग। विषय विशेषज्ञको उम्मेदवार हुनको लागि देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

- कृषि विज्ञानमा स्नातकोत्तर उपाधि हाँसिल गरेको
- कृषि प्रसार/अनुसन्धानको क्षेत्रमा कम्तिमा ७ वर्षको कार्य अनुभव भएको
- सम्बन्धित विषयमा दक्षता हाँसिल गरेको

घ। विषय विशेषज्ञको Terms of Reference (TOR) देहाय बमोजिम हुनेछ –

- सुपरजोन कार्यान्वयन इकाईको मातहतमा रही तोकिएका कार्यक्रम संचालनमा सहयोग गर्ने
- आवश्यकता अनुसार कृषि अनुसन्धान र प्रसारका कार्यक्रम संचालन गर्ने
- कृषकहरुका समस्या पहिचान गरी समाधान गर्ने
- अन्य सरोकारवाला निकायसंग समन्वय कायम गर्ने
- सुपरजोन क्षेत्रमा आवश्यकता अनुसार प्राविधिक सहयोग गर्ने
- अनुसन्धानबाट प्राप्त प्रविधिहरुको खोजी गरी उक्त प्रविधिहरु प्रसारणमा सहयोग गर्ने
- तथ्यांक व्यवस्थापन कार्यमा सहयोग गर्ने
- परियोजना संचालनको लागि आवश्यक पर्ने नीति नियम कार्यविधी र निर्देशिकाहरु तयारी गर्न सहयोग गर्ने ।
- सुपरजोन कार्यान्वयन इकाईमा रही अन्य आवश्यक कार्यहरु गर्ने

ङ। विषय विशेषज्ञ छनौटका आधारहरू देहाय बमोजिम रहनेछन्-

| <u>आधारहरू</u> | <u>अंक</u> |
| --- | --- |
| • | न्यूनतम |
| शैक्षिक योग्यता | १० |
| • | न्यूनतम |
| भन्दा माथिल्लो शैक्षिक योग्यता | ५ |
| • | नोकरीको |
| न्यूनतम कार्य अनुभव | २० |
| • | नोकरीको |
| न्यूनतम भन्दा प्रत्येक थप एक वर्ष कार्य अनुभवका लागि २ अंक (बढीमा ५ वर्षका लागि) | १० |
| • | सामाजिक |
| समावेशीकरण (महिला, दलित, जनजाति, मधेशी, पिछडिएको क्षेत्र, अपाङ्ग) | १५ |
| • | सम्बन्धित |
| जिल्लाको बासिन्दा | ५ |
| • | अन्तरवार्ता |
| | ३५ |

च। अन्तरवार्ता बाहेकका अन्य आधारहरूमा मूल्याङ्कन गर्दा सबैभन्दा बढी अंक प्राप्त गर्ने ३ जना उम्मेदवारहरू अन्तरवार्ताको लागि योग्य हुनेछन् ।

६.२० अन्य कार्यक्रमहरू संचालन र सहजिकरण

क) यस खण्डको माथि उल्लेखित दफाहरूमा उल्लेख भएका कार्यक्रमहरूका अलावा परियोजना दस्तावेजको मर्म अनुरूपका सम्बन्धित उपभोक्ता/जोन संचालक समितिको माग बमोजिमका अन्य चालु तथा पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरू समेत आवश्यकता अनुसार संचालन गर्न सकिनेछ । जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरू तर्जुमा गरी संचालन गरिने छ । उक्त कार्यक्रमहरू संचालनको लागि नेपाल सरकारको तर्फबाट देहाय बमोजिमको अनुदान सहयोग उपलब्ध हुनेछ ।

| सि.नं | विवरण | सहजीकरण (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा इत्यादि) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | ८५ प्रतिशत |

केही अत्यावश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापनका लागि निर्देशक समितिको निर्णयानुसार थपसहजीकरणका विषयहरु निर्धारण हुन सक्नेछन्।

ख) परियोजना दस्तावेजमा वैकल्पिक रुपमा जमिनको एकीकरण गर्ने व्यवस्थालाई अवलम्बन गरिएको सन्दर्भमा वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख गरी जमिनको एकीकरणको लागि प्रोत्साहित गर्ने अनुदानको व्यवस्था गरिनेछ ।

## खण्ड ७. कार्यक्रम अनुगमन/प्रतिवेदन

७.१ जिल्लाभित्र रहेका सुपर-जोन अन्तर्गत सञ्चालित कार्यक्रमको अनुगमन सम्बन्धित परियोजना कार्यान्वयन इकाई (PIU) र परियोजना व्यवस्थापन इकाईले गर्नेछ ।

७.२ विषयगत निर्देशनालयहरुले आ-आफ्नो कार्यक्षेत्रभित्रका बाली/वस्तुका जोनकहरुको र सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुले आवश्यकता अनुसार केन्द्रीयस्तरका प्रयोगशाला र फार्मकेन्द्रहरुलाई समेत संलग्न गराई अन्तर्गतका सुपर-जोनहरुको अनुगमन निरीक्षण गरी परियोजना व्यवस्थापन इकाईमा प्रतिवेदन/सुझाव दिनेछन् । त्यसैगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, कृषि विकास मन्त्रालय, अन्य सम्बन्धित मन्त्रालयहरु, कृषि विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलेसमेत आवश्यकता अनुसार अनुगमन गर्नेछन् ।

७.३ सुपरजोन अन्तर्गत सञ्चालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक तथा वार्षिक रुपमा सम्बन्धित परियोजना कार्यान्वयन इकाई (PIU) ले परियोजना व्यवस्थापन इकाई समक्ष पेश गर्नेछ । परियोजना व्यवस्थापन इकाईले मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार

गर्दा कृषि विकास मन्त्रालयमा पठाइनेछ । प्रत्येक चौमासिक र वार्षिक अवधिमा कार्यक्रमको समीक्षा गरिनेछ ।

## खण्ड ८. विविध

८.१ यस कार्यविधीमा उल्लेख भएका बाहेक अन्य कुराहरु विद्यमान ऐन, कार्यविधी, निर्देशिका, र प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

८.२ सुपरजोन संचालनमा नरहेका जिल्लाहरुमा सुपरजोन थप गर्नु परेमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालय, क्षेत्रीय कृषि निर्देशनालय, कृषि विभाग को समन्वयमा परियोजना कार्यान्वयन समितिको सिफारिसमा परियोजना निर्देशकले नामांकित गरिनेछ ।

८.३ सुपरजोन क्षेत्रमा आवश्यकता र संभाव्यता अनुरुप कृषि सडक, ग्रामीण विद्युतीकरण र प्राथमिक प्रशोधन सम्बन्धी घरेलु तथा साना उद्योगहरुको निर्माण/जडान/संचालन गर्न सम्बन्धित निकायहरु मार्फत कार्यक्रम तर्जुमा तथा कार्यान्वयन व्यवस्थाका लागि परियोजना कार्यान्वयन इकाईले सहजीकरण र समन्वय गर्नेछ

८.४ व्यवसायिक कृषकको आय कृषि क्षेत्रको समग्र आम्दानीबाट एकिन हुने भएकोले सुपरजोन क्षेत्रमा तोकिएको बालीका अलावा सम्बन्धित परियोजना कार्यान्वयन इकाईले अध्ययन गरी संभाव्यताको आधारमा अन्य बालीमा समेत कार्यक्रम संचालन गर्न सकिने छ